## खोटाङ जिल्ला अदालत

## खोटाङ जिल्ला अदालतको बोलपत्र आह्वानको सूचना

**सूचना नं. १/०७३/०७४, प्रकाशित मिति २०७३/१२/८**

यस अदालतबाट तपसिल बमोजिमको कार्य सिलबन्दी बोलपत्रद्वारा गराउनुपर्ने भएकोले नेपाल सरकारबाट इजाजतपत्र प्राप्त इच्छुक नेपाली निर्माण व्यवसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रही रितपूर्वकको बोलपत्र आह्वान गरिएको छ ।

१. बोलपत्रको सूचना प्रकाशित भएको मितिले तपसिल बमोजिमको म्यादभित्र निम्न उल्लेख भएअनुसारको दस्तुर (प्रत्येक ठेक्काको लागि भिन्नाभिन्नै फिर्ता नहुने गरी) बुझाई अद्यावधिक नबिकरण भएको इजाजतपत्र तथा मू.अ.कर, स्थायी लेखा नम्बर र आ.व. २०७३/०७४ को करचुक्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न राखी निवेदन दिई यस खोटाङ जिल्ला अदालतवाट कार्यालय समयभित्र खरिद गर्न सकिने छ ।

२. खरिद भएको बोलपत्र प्रष्टसँग भरी निर्माण व्यावसायीले प्रत्येक पानामा सहीछाप गरी, सिलबन्दी गरी, खाम बाहिर फर्मको नाम, ठेगाना र कामको नाम प्रष्टसँग लेखी तपसिल बमोजिमको म्यादभित्र यस खोटाङ जिल्ला अदालतमा उल्लेखित मितिको दिनको १२:०० बजेसम्ममा दर्ता गराउनु पर्नेछ । म्याद सकिएपछि प्राप्त हुने बोलपत्र स्वीकार गरिने छैन । दर्ता भएका बोलपत्र सोही दिनको २:०० बजे उपस्थित बोलपत्रदाता तथा प्रतिनिधिहरुको रोहवरमा यस खोटाङ जिल्ला अदालतमा खोलिने छ । बोलपत्रदाता वा प्रतिनिधिहरुको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न वाधा पर्ने छैन ।

३. एक फर्म वा संस्थाको नाममा खरिद भएको बोलपत्र अर्को फर्म वा संस्थाको नामवाट दाखिला गर्न पाइने छैन।

४. बोलपत्रको मान्य हुने अवधि बोलपत्र दाखिला गर्ने अन्तिम मितिदेखि ९० दिनको हुनेछ । बोलपत्रसाथ विडवण्ड बापतको तपसिल मा उल्लेखित धरौटी रकम यस खोटाङ जिल्ला अदालतको कोड नं. १२-२०४-०१ उल्लेख गरी कोष तथा लेखा नियन्त्रक कार्यालय, खोटाङको (राष्ट्रिय बाणिज्य बैंक, शाखा कार्यालय, दिक्तेलमा रहेको ) धरौटी खाता नं. २०६०२०३०००००० मा जम्मा गरेको भौचर वा सो रकम बराबरको यस खोटाङ जिल्ला अदालतको नाममा 'क' वर्गका बाणिज्य बैंकवाट जारी गरिएको वोलपत्र मान्य हुने अवधिभन्दा ३० दिन वढी मान्य अवधि भएको बैंक ग्यारेन्टि सहितको बिडवण्ड पेश गर्नुपर्नेछ ।

५. बोलपत्र शर्तरहित कार्यालयले उपलब्ध गराएको डकुमेण्ट (हार्डकपी) मा कुनै थपघट वा द्रष्टव्य नलेखिएको हुनुपर्नेछ । केरमेट भएको ठाँउमा अधिकारप्राप्त व्यक्तिको सहिछाप हुनुपर्नेछ ।

६. बोलपत्र दररेट उल्लेख गर्दा मूल्य अभिवृद्धी कर बाहेकको दर स्पष्ट रुपमा अक्षर र अंकमा उल्लेख गर्नुपर्नेछ । अक्षर र अंक फरक पर्न गएमा अक्षरलाई मान्यता दिइनेछ ।

७. बोलपत्र खरिद गर्ने तथा दर्ता गर्ने अन्तिम दिन बिदा परेमा सोको भोलिपल्ट वा बिदापछि कार्यालय खुलेको दिन तोकिएको समयमा नै हुनेछ।

८. कुनैपनि कारण जनाई वा नजनाई सम्पूर्ण वा आंशिकरुपमा बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस अदालतमा निहित रहनेछ ।

९. बोलपत्र सम्बन्धी अन्य कुनै कुरा बुझ्नु परेमा कार्यालय समयभित्र यस खोटाङ जिल्ला अदालतमा सम्पर्क राख्न सकिनेछ ।

१०. बोलपत्रदाताले निर्माणस्थल वा साइटको बास्तविक स्थिति बुझेर बोलपत्र फाराम भरेको हुनुपर्नेछ ।

११. प्रचलित नियमानुसार रित नपुगेको र यस सूचना एवं वोलपत्र सम्बन्धी कागजातमा उल्लेखित शर्तहरु पूरा नभएको बोलपत्रउपर कारवाही गरिने छैन ।

१२. संयुक्त उपक्रम (Joint Venture) को माध्यमवाट काम गर्ने निर्माण व्यवसायीले संयुक्त लगानी सम्बन्धी संझौतापत्र पेश गर्नुपर्नेछ र वढीमा तीनवटा फर्मले संयुक्त उपक्रममा भाग लिन सक्नेछन् । त्यस्तो भएमा मुख्य साझेदारको कम्तिमा ४० प्रतिशत र अन्य साझेदारहरुको कम्तिमा २५ प्रतिशतका दरले शेयर हुनुपर्नेछ । संयुक्त उपक्रममा भाग लिने निर्माण व्यवसायिहरुले छुट्टै बोलपत्रमा भाग लिन पाइनेछैन ।

१३. कामको गुणस्तर (Quality Of Work) निर्माण सम्बन्धी स्वीकृत स्पेशिफिकेशन अनुसार गर्नुपर्नेछ ।

१४.हार्डकपीबाट बोलपत्र पेश गर्ने बोलपत्रदाताहरुले बोलपत्र संशोधन गर्न वा फिर्ता लिन चाहेमा बोलपत्र दर्ता हुने अन्तिम मिति र समयभन्दा २४ घण्टा अगावै सिलबन्दी निवेदन दिनुपर्नेछ ।

१५. बोलपत्र फारम र यस सूचनामा उल्लेख भएका कुराहरुको हकमा सोही अनुसार र अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन (पहिलो संसोधन सहित, २०६३ र सार्वजनिक खरिद नियमावली (पाँचौ संशोधन सहित), २०६४ एवं प्रचलित ऐन नियम अनुसार हुनेछ ।

१६. बोलपत्रदाताले लागत अनुमानभन्दा १५ प्रतिशतसम्म कम अंक कबुल गरेमा कबोल अंकको ५ प्रतिशत र लागत अनुमानको १५ प्रतिशतभन्दा बढि घटेर कबोल गरेको अवस्थामा १५ प्रतिशतभन्दा जति रकमले घटी कबोल गरेको छ सोको ५० प्रतिशतले हुन आउने रकम कबोल अंकको ५ प्रतिशतमा थप गरी कार्यसम्पादन जमानत राख्नुपर्नेछ ।

१७. पूर्व बोलपत्र बैठक मिति २०७३/१२/२७ गते दिनको १.०० बजे यस अदालत परिसरमा हुनेछ ।

१८. बोलपत्रसम्बन्धी कागजातहरु कोष तथा लेखा नियन्त्रक कार्यालय, खोटाङ र यस अदालतबाट प्राप्त गर्न सकिनेछ ।

**तपसिल**

| ठेक्का नं. | कामको विवरण | लागत इस्टिमेट रकम रु. (भ्याट तथा कन्टिन्जेन्सी बाहेक) | बोलपत्र जमानत रकम रु. | बोलपत्र खरिद दस्तुर रु. | बोलपत्र खरिद गर्ने अन्तिम मिति | बोलपत्र दाखिला अन्तिम मिति |
|---|---|---|---|---|---|---|
| १/०७३/०७४ | कम्पाउण्ड वाल र चेनलिंक फेन्सिङ निर्माण कार्य | २७,७८,४०४।५५ | ९४,१८७।९१ | ३,०००। | ०७४/१/६ | ०७४/१/७ |
| २/०७३/०७४ | व्यारेक विल्डीङ भवन निर्माण कार्य | ४४,६६,०७४।७४ | १,५२,२७०।८१ | ३,०००। | ०७४/१/६ | ०७४/१/७ |